Regd. No. 926/061/062

# राधी विद्युत कम्पनी लिमिटेड
# RADHI BIDYUT COMPANY LIMITED

Ref No: 34/082/83

मिति : कार्त्तिक ०२, २०८२

श्री नेपाल धितोपत्र बोर्ड,

खुमलटार, ललितपुर ।

विषय : हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृति सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस राधी विद्युत कम्पनी लिमिटेडको चुक्ता पूँजी रु १,८३,८९,७९,३१६।१९/- को १:०.६९८९ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न श्री विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृति प्रदान गरिएको पत्र यस कम्पनीमा मिति कार्त्तिक ०२, २०८२ गते अपरान्ह ४:१५ बजे प्राप्त भएकोले सो पत्रको प्रतिलीपी यसै साथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

भवदीय,

रमेश नाथ योगी
परिपालन अधिकृत

बोधार्थ

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

P.O. Box: 4995, Blue Star Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4232748, 01-4232749, 4232750, Email: info@radhibidyut.com.np, Web: radhibidyut.com.np

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

प.सं: २०८२/८३

चं.नं: -391

मिति २०८२/०७/०१

**श्री राधी विद्युत् कम्पनी लिमिटेड,**
**त्रिपुरेश्वर, काठमाडौं ।**

**विषय: हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृति सम्बन्धमा ।**

प्रस्तुत बिषयमा साविकको अधिकृत पुँजी रु. ५,००,००,००,०००/-, जारी पुँजी रु. ३,१२,४२,४२,०००/- र चुक्ता पुँजी रु. १,८३,८९,७९,३१६।१९ रहेकोमा हाल चुक्ता पुँजीको १:०.६९८९ अनुपातमा प्रस्तावित शेयर रकम रु. १,२८,५२,६२६।४४ को हकप्रद शेयर निष्कासनको लागि तहाँबाट मिति २०८१/१२/१२ मा मूल दर्ता भई विभिन्न मितिमा प्राप्त थप कागजात उपर छलफल हुँदा कसुवा खोला जलविद्युत् आयोजना (४५ मे.वा.) निर्माणको लागि राधि विद्युत् कम्पनी लिमिटेडको कसुवा खोला हाइड्रोपावर लिमिटेडमा अधिकतम ७०% शेयर स्वामित्व रहने भएकाले *विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमनसम्बन्धी निर्देशिका, २०७८ को दफा ५* को उपदफा (१) को व्यवस्था बमोजिम उपदफा (६) मा तोकिएको खण्ड (क) देखि खण्ड (च) सम्मको शर्त पुरा गरेको देखिएकाले कम्पनीको चुक्ता पुँजी रु. १,८३,८९,७९,३१६।१९ को ६९.८९ प्रतिशत मध्ये ५२.४८ प्रतिशत कसुवा खोला जलविद्युत् आयोजनामा लगानी गर्ने र बाँकी १७.४१ प्रतिशत कम्पनीको बैंक ऋण तिर्नको लागि *विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमनसम्बन्धी निर्देशिका, २०७८ को दफा* ९ बमोजिम हकप्रद शेयर निष्कासनको लागि आयोगको मिति २०८२/०६/२९ को २८७ औं बैठकबाट पूर्वस्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

**सर्तहरू:**

१. हाल कायम चुक्ता पुँजीको ६९.८९ प्रतिशत मध्ये ५२.४८ प्रतिशत कसुवा खोला जलविद्युत् आयोजनामा लगानी गर्ने र बाँकी १७.४१ प्रतिशत कम्पनीको बैंक ऋण तिर्नको लागि हकप्रद शेयरको निष्कासन गर्न पूर्व स्वीकृति प्रदान गरिएकोले सोही प्रयोजनमा सो रकम खर्च गरी हकप्रद शेयरको निष्कासन सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएको पन्ध्र दिनभित्र सोको जानकारी आयोगमा गराउनुपर्नेछ ।

२.प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

३.प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

४.तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।

५.आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

६.हकप्रद शेयरको निष्कासनका लागि निवेदन दिँदा हकप्रद शेयरको निष्कासनबाट प्राप्त रकम जुन सुकै प्रयोजनका लागि भनि उल्लेख भएको भएता पनि ऊर्जासँग सम्बन्धित बाहेक अन्य विषयमा लगाउन पाइने छैन।

७.हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।

८.अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त *विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका,* २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ।

सन्दिप न्यौपाने

(इन्जिनियर)

**विद्युत नियमन आयोग**

काठमाडौं, नेपाल

इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np

फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२